स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दर्शकमाझ 'महानायक'को रुपमा चिनिएका अभिनेता राजेश हमालले आठ वर्षपछि कमब्याक फिल्म गरेको 'नरसिंहा अवतार' यतिबेला हलमा प्रदर्शनरत छ। फिल्मले व्यावसायिक सफलता हासिल गर्ने सम्भावना अब टरिसकेको भए पनि यो उनको १०/१२ वर्षयताकै सबैभन्दा धेरै कमाइ गर्ने फिल्म बनेको छ। यसले घरेलु बक्स अफिसमा साढे दुई करोड करोडमाथि कमाइसकेको छ।

**आजको विचार...**



मेघनाथ दाहाल

नीतिगत...

(दुई पेजमा)

साउनको २३ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'मोहर'को टिजर सार्वजनिक भएको छ। निर्माणपक्षले ओएसआर डिजिटलको च्यानलबाट आज फिल्मको १ मिनेट १८ सेकेन्ड लामो टिजर सार्वजनिक गरेको हो। सार्वजनिक टिजरले नलेखिएको नियमको कथा बोल्छ। फिल्ममा 'देउकी'को कथालाई उल्लेख गरेको टिजरबाट बुझ्न सकिन्छ। सार्वजनिक टिजरमा नायक पल शाहको दोहोरो अवतार देख्न सकिन्छ। पल लामो र छोटो कपालमा देखिएका छन्।



❒ वर्ष ३० ❒ अंक ३१७ ❒ २०८२ जेठ २९ गते बिहीबार 12 June 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रुसी आक्रमणमा तीनको मृत्यु

(रासस/एएफपी)

**घाइतेखार्किभ,** जेठ २८/रुसले युक्रेनको उत्तरपूर्वी सहर खार्किभमा बुधबार बिहान बिहानै गरेको हवाई आक्रमणमा कम्तीमा तीन जनाको ज्यान गएको छ भने ६० जना घाइते भएका छन् । घाइतेहरूमा बालबालिका पनि परेका छन् । युद्ध सुरु भएको तीन वर्ष बितिसक्दा पनि रुसले दैनिक रूपमा आक्रमण तीव्र बनाउँदै गएको छ । उसले युद्ध रोक्न युक्रेनसँग कठोर सर्तहरू अघि सारेको छ, जसलाई युक्रेनले अस्वीकार गर्दै आएको छ । खार्किभ सहर, जुन रुसको सिमानाबाट झन्डै ३० किलोमिटर टाढा छ, बारम्बार आक्रमणको केन्द्र बन्दै आएको छ । रातभर १७ पटक आक्रमण खार्किभका नगर प्रमुख इगोर तेरेखोभले जानकारी गराउँदै भने, "यस रात दुई वटा क्षेत्रमा १७ पटक आक्रमण भएको छ ।" प्रान्तीय प्रमुख ओलेग सिनेगुबोभले तीन जनाको मृत्यु भएको पुष्टि गरे । घटनास्थलमा रहेका पत्रकारहरूले जलिरहेका सवारी साधन, क्षतिग्रस्त भवनहरू र बाटोभरि छरिएका टुक्रा देखेका छन् । स्थानीय बासिन्दा ओलेना खोरुजेभाले आफ्ना दुई सन्तानसहित झ्यालबाट टाढा भागेर भित्ताको छेउमा लुकिएको बताए । "सानो छोराले जमिनमा लम्पसार परेर टाउको छोपेको थियो, म उसलाई ढाकेर बसेको थिएँ, ।

# आजदेखि सुनचाँदी व्यवसायीहरु आन्दोलित, पसलहरु बन्द

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २८/सरकारले सुनाचाँदी र हिरामा विलासिता कर लगाएपछि व्यवसायीले कर खारेजीको माग गर्दै आजदेखि पाल्पासहित देशभैभर पसल बन्द गरेर आन्दोलित बनेका छन् । सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा सुनचाँदीमा २ प्रतिशत विलासिता कर लाग्ने घोषणा गरेको छ । यस्तै हिरा जुवाहरत र पत्थरमा १३ प्रतिशत कर लाग्ने भएको छ । सोही कर खारेजीको माग गर्दै सुनचाँदी व्यवसायीहरु शान्तिपूर्ण आन्दोलनमा उत्रिएका हुन् ।

सुनचाँदी गहनामा लगाइएको विलासिता कर फिर्ता लिन माग गर्दै पाल्पामा पनि सुनचाँदी व्यवसायी संघमा आवद्ध व्यवसायीहरु आन्दोलित भएका छन् । जिल्लाका सुनचाँदी व्यवसायीहरु आजदेखि पसल नै बन्द गरेर विरोध स्वरुप आन्दोलनमा उत्रिएका छन् । संघले बुधबार तानसेनमा पत्रकार सम्मेलन गरी आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा सुनचाँदी गहनामा लगाइएको अनावश्यक विलासिता करको व्यवस्थाले व्यवसाय थप संकटमा पर्ने अवस्था सिर्जना भएको भन्दै विरोधका कार्यक्रम सार्वजनिक गरेको हो । संघका अध्यक्ष प्रेमलाल पौडेलले बजेटमा अव्यवहारिक र अनावश्यक रुपमा सुन र सुनका गहनामा २ प्रतिशत विलासी कर लगाउने र हिरा जवाहरत लगायतका बहुमुल्य वस्तुमा १३ प्रतिशत भ्याट लगाउने व्यवस्था गरिएकाले त्यसका विरुद्ध पाल्पासहित देशैभर विरोधका कार्यक्रम घोषणा गरिएको बताए । उनका अनुसार जेठ २९ र ३० गते नेपाल सुन-चाँदी व्यवसायी महासंघ, नेपाल सुन-चाँदी रत्न तथा आभूषण महासंघ र नेपाल हस्तकला महासंघको संयुक्त आयोजनामा हुने विरोध कार्यक्रम अनुसार नै पसल बन्द गरेर विरोधस्वरुप आन्दोलनमा उत्रिएको हो । कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्तिप्रसाद न्यौपानेले सुन-चाँदीमा भएको कर वृद्धिले नेपाली पुँजी बजारमा ठूलो असर पर्नुको साथै आम उपभोक्ताहरु समेत मारमा पर्ने अवस्था रहेकाले त्यसतर्फ सरकारले ध्यान दिनुपर्ने बताए । उनले भने "सरकारले सुनको सहज आपूर्ति सुनिश्चित गर्नुपर्नेमा उल्टै व्यवसायीलाई कर थोपारेर व्यवसायीलाई संकटमा पार्ने र उपभोक्तालाई समेत महँगोमा सुनका गहना खरिद गर्नुपर्ने अवस्था आउनु विडम्वना हो । यसमा सरकारले ध्यान दिन आवश्यक छ ।" व्यवसायीहरुको आन्दोलनप्रति महासंघको पूर्ण समर्थन रहेको भन्दै उपाध्यक्ष न्यौपानेले सुन शुद्धता र गुणस्तरमा समेत ध्यान दिन व्यवसायीलाई आग्रह गरे । पत्रकार महासंघका निवर्तमान उपाध्यक्ष भरत शर्माले सरकारले बजेटमार्फत ल्याएको सुन-चाँदीमा विलासिता कर नीति खेदजनक रहेको बताए । जन्मदेखि मृत्युसम्म धार्मिक, सांस्कृतिक रुपमा प्रयोग गरिने बहुमूल्य सुन जस्तो वस्तुमा कर थुपारेर सरकारले गलत गरेको उनको भनाई छ ।




-बाँकी अन्तिम पेजमा...

## आज विश्व बालश्रम विरुद्धको दिवस




**पाल्पा,** जेठ २८/आज विश्व बाल श्रम विरुद्धको दिवस नेपालमा पनि विविध कार्यक्रम गरी मनाइदैं छ । विश्व बाल श्रम विरुद्ध सरकार, रोजगारदाता, श्रमिक सङ्गठनहरू, नागरिक समाज, साथै विश्वभरका लाखौं मानिसहरूलाई बाल श्रमिकहरूको उद्धार तथा उनीहरूलाई मद्दत गर्ने उद्देश्यका साथ यो दिवस मनाउने गरिन्छ ।

सन्१९९० मा नेपालले संयुक्त राष्ट्र सैको बाल अधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेर बाल श्रम विरुद्धको विविध कार्य सञ्चालन गरी बालबालिकाको हक अधिकार सम्बन्धी कार्य गर्दै आएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन आईएलओले पनि सन् २००२ बाट यो अन्तर्राष्ट्रिय दिवस मनाउन थालेको हो । नेपालमा बालबालिका सम्बन्धी ऐन २०४८ ले १६ वर्ष मुनिकालाई बालबालिका भनेर परिभाषित गरेको छ । उनीहरूलाई आयआर्जनका लागि श्रम गर्न अथवा कसैले श्रमिक बनाउन वर्जित छ । सन् २०२५ सम्ममा बालश्रमका सबै स्वरुपको अन्त्य गर्न निर्णायक कदम चाल्नुपर्नेमा आइएलओले जोड दिएको छ । सन् २००२ जुन १२ यता विश्वव्यापी बालश्रमिकको दुर्दशाको बारेमा चेतना फैलाउन प्रत्येक वर्ष बालश्रम विरुद्धको दिवस मनाउने गरिन्छ । बालश्रम बालबालिकाले कलिलो उमेरमा परिपक्व जस्तै गरी गर्ने काम नै शारीरिक वा मानसिक श्रम हो । शारीरिक वा मानसिक रूपमै बालबालिकालाई असर पुऱ्याउने कामहरूमा बालबालिका संलग्न हुन्छन् वा संलग्न गराइन्छ भने त्यसलाई नै बालश्रम भनिन्छ । विभिन्न प्रयास गरिए पनि विश्वका विकसित देशमा बाल मजदुरीको अन्त्य हुन सकेको छैन । नेपाल जस्ता देशहरूमा बालश्रमको अवस्था अझै भयावह छ । नेपालमा विभिन्न गैरसरकारी तथा सरकारी निकायले बालश्रमविरुद्ध काम गर्दै आएका छन् ।

## तालिमले जुत्ताचप्पल व्यवसाय : आत्मनिर्भर बन्दै महिला

**बुटवल,** जेठ २८/बुटवल उपमहानगरपालिकाले गत वर्षदेखि महिलाहरुलाई सञ्चालन गरेको उद्यमशीलता तालिमले स्वरोजगार बन्न सहयोग पुगेको छ । लुम्बिनी प्रदेशमा दुर्गम क्षेत्र एवं गाउँसँग जोडिएको विकसित शहरका रुपमा उपमहानगरपालिकाले प्रदान गरेको तालिमले महिलाहरुलाई आयआर्जनमा महत्पपूर्ण सहयोग पुगेको छ ।



उपमहानगरपालिकाले सञ्चालन गरेको जुत्ताचप्पल तालिमले महिलाहरुले साना उद्योग एवं व्यवसाय सञ्चालन गरी घरपरिवारको आयआर्जनका साथै यस क्षेत्रमा आर्थिक चलायमान गराउन सहयोग पुगेको छ । तालिमबाट प्राप्त सीपले धेरै महिला जुत्ताचप्पल व्यवसायबाट आत्मनिर्भर बन्न सकेका छन् । बुटवलका विभिन्न वडामा सञ्चालन भएका यस्ता तालिममा महिलाले हातले जुत्ता र चप्पल बनाउने सीप सिकिरहेका छन् । उनीहरू विभिन्न बजारमा आएको नयाँ-नयाँ प्रकारका डिजाइनमा ज्ञान प्राप्त गरी उत्पादन गरेका जुत्ता चप्पलको माग बुटवल तथा आसपासका शहरमा वृद्धि भइरहेको छ । उपमहानगरबाट तालिम प्राप्त गरेकी ओसिन थापा गुरुङ सफल उद्यमी बन्न सफल भएकी छन् । बुटवलको व्यस्त शहरमा रहेको उनको साना उद्योगमा जुत्ताचप्पल खरिद गर्न ग्राहकको घुइँचो लागेको देखिन्छ । सफल उद्यमी गुरुङ ग्राहकसँग हँसिलो अनुहारले कुरा गरी आफ्ना सामान बिक्री गर्दै आएकी छन् । उनी बुटवलको वडा नं ३ ज्योतिनगरले विसं २०७९ को माघमा दिएको सात दिने हातले बनाउने जुत्ताचप्पल तालिमबाट प्राप्त सीपले अहिले सफल व्यवसाय सुरु गरी साना उद्यमी बनेकी छन् । गुरुङसहित सविता थापा, सुनिता गुरुङलगायत वडाका ५३ महिलालाई जुत्ताचप्पल बनाउने तालिम दिइएको थियो । उद्यमी गुरुङले तीन साथीहरुको सहयोगमा विसं २०८० मा बुटवलमा भएका साना घरेलु उद्योग उत्पादनको प्रदर्शनीमा एक लाख ८० हजार लगानीमा निर्माण गरिएका सामग्री बिक्री गरी शतप्रतिशत मुनाफा आर्जन गर्न सफल भएकी थिइएन् । उनले प्रदर्शनीबाट प्राप्त मुनाफाले आत्मविश्वास वृद्धि भएकाले व्यवसाय दर्ता गरी कार्य सञ्चालन गरिरहेको जानकारी दिइन् । वडा नं ३ ज्योतिनगरमा एकैचोटि सिकेका तीन जनाले आफ्नो व्यवसाय चलाउँदै धेरै महिलालाई स्वरोजगार बनाउन सफल भएको उनले सुनाईन् । गुरुङले अहिलेसम्म उपमहानगरपालिकाबाट सञ्चालित जुत्ताचप्पल बनाउने तालिम १० वडामा दिएको बताईन् ।

-बाँकी असन्तम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बालश्रम विरुद्ध दिवसको सन्दर्भ

आज विश्व बालश्रम विरुद्धको दिवस विविध कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुन १२ लाई विश्वभर बालश्रम विरुद्धको दिवसका रुपमा मनाउने गरिन्छ । बालश्रमविरुद्ध आइएलओ महासन्धि १८२ र श्रममा प्रवेश गर्ने न्यूनतम उमेरसम्बन्धी महासन्धि १३८ कार्यान्वयनको सन्दर्भ पारेर सन् २००२ देखि १२ जुनलाई विश्व बालश्रमविरुद्धको दिवसका रुपमा मनाउन थालिएको हो । सन् २०२५ सम्ममा बालश्रमका सबै स्वरूपको अन्त्य गर्न निर्णायक कदम चाल्नुपर्नेमा आइएलओले जोड दिएको छ । बालश्रमविरुद्ध सरकार र निजी क्षेत्रबाट बालबालिकाका क्षेत्रमा थुप्रै काम भएका छन् । तर, अपेक्षितरुपमा बालश्रम न्यूनीकरण हुन सकिरहेको छैन । सडक बालबालिका, बाल मजदुर, होटल तथा रेस्टुरेन्टका बालश्रमिक र सवारी साधनमा काम गर्ने बालबालिकाका दुःख, पीडा र यातनामा कमी आउन सकेको छैन् । बालबालिकालाई शारीरिक र मानसिक असर पर्नेगरी दवाबमा कुनै पनि काम लगाउनु हुँदैन भनिए पनि व्यावहारिक रुपमा त्यो लागू हुन सकिरहेको छैन । बालअधिकारको क्षेत्रमा समर्पित भएर लागेका संस्था हुँदै नभएका भने होइन तर, लक्ष्यअनुरूप कार्यान्वयन अवस्था भने शून्य देखिएको छ ।

बालबालिकाको अधिकारमा कयौं वकालत, सभा सम्मेलन गरिए । तर बालअधिकार र उनीहरुको अवस्था जहाँ थियो त्यहि नै छ । बालबालिकाले आफुले पाउनुपर्ने अधिकार पाउन सकेका छैनन् । उनीहरु सडकमा छन् । कन्टेनरमा फालिएका फोहोरमा भविष्य खोज्दै छन् । तर बालअधिकारका बारेमा चर्का नारा दिनेहरु नै घरमा कलिला बालबच्चाहरुलाई काममा लगाएका छन् । जसका कारण बालश्रम बढ्दै गएको हो । बालश्रमलाई समयमै उचित समाधान गर्न सकिएन भने यसले लामो समय देशको जनसांख्यिक लाभांशको उपयोगलाई परिणाममुखी हुन दिंदैन । बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाएमा वा बालकको इच्छा विरुद्धमा कसैले काममा लगाएमा एक वर्षसम्म कैद वा पचास हजार रुँपैयासम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था भए पनि त्यसको उचित कार्यान्वयन हुन सकेको छैन । तसर्थ बालश्रम अन्त्य गर्नका लागि कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी बालअधिकारको सुनिश्चित गर्न सके मात्र हरेक वर्ष मनाईने दिवसले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

ईमान्दार मान्छेको कहिले अपमान नगर्नु
जब सुन्दर ऐना फुट्छ नि खतरनाक हतियार बन्छ ।

*(दिपक भण्डारीको फेसबुक स्टाटस https://www.facebook.com/Dipak.Bhandari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नीतिगत प्रभावमा नेपाली अर्थतन्त्र



**मेघनाथ दाहाल**

*नेपाली राजनीतिको हालको पक्ष भनेको मिश्रित अर्थ व्यवस्थामा उत्पादनका स्रोत, व्यवसायलाई कसरी विस्तार गर्ने भन्ने पक्षमा राजनीतिक मतैक्यता हुन नसक्नु हो । राजनीतिक गन्तव्य समाजवाद उन्मुख प्रजातान्त्रिक व्यवस्था हो भनेर संविधानमा लेखिएको छ तर यहीं नै ठूलो भुल भएको छ । वस्तु तथा सेवाको उत्पादनविनाको निरन्तरको वितरणले मुलुकको अर्थतन्त्रको हालत कता पुऱ्याउँछ भन्ने कुराको थोरै अनुमान लगाउन नेपालीहरूले थालेका छन् । राज्यको टाउकोमा आर्थिक बोझको सारा अभिभारा बोकाउने नीति तर स्रोतको जोहो गर्ने वस्तु उत्पादनको निमित्त निजी क्षेत्रको उत्थानका लागि आवश्यक नीतिगत सुधारका उपायका लागि काम गर्न नसक्ने परिपाटीले अफठ्यारो बन्दै गएको छ । निजी क्षेत्र सरकारसँग विस्तारै टाढिँदै छ । व्यापारिक उत्पादनका घराना लगानीको विकल्पमा व्यापारमा वा मुलुकबाटै भाग्ने अवस्थामा जानु राम्रो संकेत हो ।*

नेपाली राजनीति २०४६ सालमा र २०६३ सालमा युटर्न गरेको छ । पचास पुग्न लागेको पुस्ताको हकमा नेपाली राजनीतिक अस्थिरताको साथमा जसोतसो चलीमात्र रहेको छ । किनभने २०४६ को आन्दोलनमा यो पुस्ता दश-बाह्र वर्षको थियो । यसभन्दा पछि हुर्किएको युवाहरूको हकमा राजनीति धेरै चासोको विषय भएको छैन । यो विश्वास दल तथा नेताहरूले नेपाली समाजका लागि दिन सक्नुभएको छैन । एकाध अपवादको हकमा नयाँ पुस्ता चिन्तनशील छ । पञ्चायती शासनबाट मुलकलाई बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा परिणत गरेका दिनपछि राजनीति, अर्थतन्त्र, व्यवसायले कसैले प्रगतिशीलको बाटोमा हिँड्ने मौका पाएका छैनन् भन्न अफठ्यारो मान्नु पर्दैन ।

अर्थतन्त्रको आकार बढेको छ । नेपालीहरूको छनौट र क्रयशक्ति माथि छ । शिक्षा, स्वास्थ्य, वित्तीय, सामाजिक क्षेत्रमा सकारात्मकता भित्रिएको छ तर सबै संख्यात्मक र देखिने किसिमका छन् । गुणात्मकता र महसुस हुने किसिमका कामको सूची बनाउने हो भने राम्रा काम थोरै भएका छन् भने नराम्राको प्रतिशत ठूलो हिस्सा बन्न पुग्छ । यस किसिमको उन्नति/प्रगति समस्त नेपालीले चाहेको प्रजातन्त्र र समाजवादसहितको गणतान्त्रिक बाटोको परिकल्पना थिएन । राजनीतिक परिवर्तनले समाजको भूँइमान्छे र सबैभन्दा तल्लो तहतप्काका मानिसको जीवनस्तर र आवश्यकताका विषय सम्बोधन गर्नुथियो । राजनीतिक दलहरूको भूमिका पञ्चायती समयका बन्दी दिनसम्म राम्रा थिए तर परिवर्तनपछिको अर्थ राजनीतिको गन्तव्य र तरिका समात्न नसक्दाको परिणामा नेपाली समाजले हालका दिनमा भोगिरहेको छ । निर्वाचनको माध्यमले वा अन्य कुनै राजनीतिक तिकडमको आधारमा सत्तामा पुगेर राज्यशक्ति र स्रोतमाथिको आफ्नो पकड हुनासाथ निष्ठा, बलिदान, सारा राजनीतिक पृष्ठभूमिका सबै काम पछि पर्दै गएका छन् । प्रमुख राजनीतिक दलहरूको राजनीतिक मुद्दा र समाज रूपान्तरणको मुद्दामा फरकपन रहनु नेपालीका लागि समस्याको रूपमा छ । नेपाली कांग्रेसले जसोतसो गणतन्त्रलाई स्वीकार गरे तापनि उसले आज पनि समाजको मध्यम उच्चमध्यम वर्ग र माथिल्लो धनी वर्गकै आड भरोसामा राजनीति गरिरहेको छ । यो आजको भोलि भत्किनेवाला छैन । यद्यपि व्यक्तिगत स्वतन्त्रता प्रजातान्त्रिक मूल्य मान्यता र आधारभूत मानव अधिकारको हकमा यो दल नेपालका अन्य कम्युनिष्ट तथा मधेसवादी दलहरूभन्दा निकै विश्वासिलो रहँदै आएको छ । नेपालले अंगीकार गरेको मिश्रित अर्थ नीतिमा कुनै दलहरूले संस्थागत विरोध नदेखाए तापनि पञ्चायतपछिको पैतीस-छत्तीस वर्षीय राजनीतिक अवधिमा आर्थिक पूर्वाधार सबै किसिमका सम्भावनाको खोजी व्यावसायिक लगानीमा नेपाल पछिपरेकै हो । यी पक्षमा समयसापेक्ष काम हुनसकेको र उपलब्ध युवाजनशक्तिको प्रयोग मुलुकको विकासको काममा प्रयोग गर्न सकेको भए आज मुलुकको आर्थिक अनुहार निकै उज्यालो हुने थियो । थोरै सूचकहरू सकारात्मक देखिएका छन् । तिनीहरू नाम मात्रका छन् । प्रसस्त होइनन् । धेरै सम्भावना हुँदाहुँदै काम गर्न नसकेको पक्का हो । राज्यका धेरै संयन्त्रमा राजनीतिक चमत्कारी परिवर्तन भयो तर आर्थिक क्षेत्रमा जसोतसो चल्ने काम मात्र भएको छ । नेतृत्व अक्षम भएर हो कि ? कर्मचारी संयन्त्रले काम गर्न सकेन वा सर्वसाधारणमै समस्या हो भन्नेमा अध्ययन भएको छैन । व्यक्तिगत तर्क र बुद्धिविलासभन्दा माथि जान सकेको छैन । नेपाली राजनीतिको हालको पक्ष भनेको मिश्रित अर्थ व्यवस्थामा उत्पादनका स्रोत, व्यवसायलाई कसरी विस्तार गर्ने भन्ने पक्षमा राजनीतिक मतैक्यता हुन नसक्नु हो । राजनीतिक गन्तव्य समाजवाद उन्मुख प्रजातान्त्रिक व्यवस्था हो भनेर संविधानमा लेखिएको छ तर यहीं नै ठूलो भुल भएको छ । वस्तु तथा सेवाको उत्पादनविनाको निरन्तरको वितरणले मुलुकको अर्थतन्त्रको हालत कता पुऱ्याउँछ भन्ने कुराको थोरै अनुमान लगाउन नेपालीहरूले थालेका छन् । राज्यको टाउकोमा आर्थिक बोझको सारा अभिभारा बोकाउने नीति तर स्रोतको जोहो गर्ने वस्तु उत्पादनको निमित्त निजी क्षेत्रको उत्थानका लागि आवश्यक नीतिगत सुधारका उपायका लागि काम गर्न नसक्ने परिपाटीले अफठ्यारो बन्दै गएको छ । निजी क्षेत्र सरकारसँग विस्तारै टाढिँदै छ । व्यापारिक उत्पादनका घराना लगानीको विकल्पमा व्यापारमा वा मुलुकबाटै भाग्ने अवस्थामा जानु राम्रो संकेत हो । यसले आर्थिक परिवेश धुमिल्याउँदै जाने देखिन्छ । निजीक्षेत्र स्वाभाविक रूपमा सार्वजनिकभन्दा बढी नाफामुखी हुने गर्छ । यसै कारण लगानीका विविध क्षेत्रमा चासो राख्ने भएकाले आर्थिक क्षेत्र चालयमान हुनेगरेका विश्वमा धेरै उदारहण छन् । सरकारले आजको समयको अर्थतन्त्र चलायमान राख्न खासगरी राजस्व परिचालनको हरेक अवस्थामा आफूलाई समयसापेक्ष हिसाबमा टिकाइराख्न निजीक्षेत्र चिढिने काममा जोगिन आवश्यक छ । लगानीका लागि आवश्यक कानुनी तथा व्यावहारिक क्षेत्रमा सजिलो वातावरणको निर्माणमा सहयोगी हुनुपर्दछ । यो समयको माग हो । राज्यको राजस्व परिचालनदेखि आन्तरिक तथा बाफय लगानी भित्रिने काममा सहयोग पुगेको हो । वित्तीय क्षेत्रको विस्तार, लगानीका धेरै क्षेत्रमा सरल कर्जा, सस्तो व्याजामा आममानिसको पहुँच मुलुकभित्र व्यावसायिक गतिविधिमा सुधार भएको छ । सातौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा नेपाल र नेपालीहरूको जीवनस्तर, आय आम्दानीका गतिविधिमा नगदेबाली, खाद्यान्न बालीको मुख्य भूमिका थियो । मनसुनजन्य गतिविधिको सहजताले साथ नदिएको खण्डमा अर्को वर्षभरि पर्खनुपर्ने बाध्यता थियो । मुलुकमा गणतन्त्रको सुरुवात, नयाँ संविधानमा समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पनाले लगानीकर्तामा एक किसिमको मनोवैज्ञानिक असर पुऱ्याउन थालेको महसुस हुनथालेको छ । पछिल्लो समय विकसित भएको एउटा रोग जसमा राजनीतिक नेतृत्व तथा नीति निर्मातामा भ्रम विकास भएको छ । कुनै व्यक्ति, संस्था कानुनी विधि पुऱ्याएर लगानीको माध्यमले आफ्नो उत्पादित वस्तु, सेवाको बिक्रीबाट धनी बन्न पाउने अधिकारबाट अप्रत्यक्ष रूपमा वञ्चित गरिन खोजेको जस्तो देखिन्छ । व्यावसायिक गतिविधिमा संलग्न लगानीको माध्यमले कुनै व्यक्ति वा समूहको उन्नति कतिपय अवस्थामा समस्याको रूपमा लिने गरिएको छ । समाजवादी धारका कतिपय राजनीतिककर्मी यस काममा सरासर लागेका देखिन्छन् । यो लत कार्य हो । यदि संविधानतः निजी सार्वजनिक एवं सहकारी तीन खम्बे अर्थनीतिको भरमा मुलुकको आर्थिक व्यवस्था टिकेको छ भन्ने तर निजी क्षेत्रको लगानीका लागि व्यावहारिक रूपमा सरकार सहयोगी हुन नसक्दा ठूला कम्पनी, व्यावसायिक घराना बाहिरिने क्रममा देखिन्छन् । जस्तो खेतान समूह नेपालको औद्योगिक, व्यापारिक गतिविधिको सुरुवाति दिनमा एकदमै बिर्सन नसकिने नाम हो । आर्थिक, व्यावसायिक गतिविधि भनेको कस्तो हुन्छ भन्ने समयमा काम गरेको अन्तर्राष्ट्रियस्तरको यस्तो समूहलाई मुलुकमा टिकाइराख्न सफल नहुनुमा केही न केही समस्या हाम्रा नीतिगत पक्षमा छन् । यो ग्रुप विस्तारै निष्क्रिय रहनु राम्रो संकेत होइन । व्यावसायिक गतिविधिको हकमा राम्रो सन्देश दिँदैन । यो वा त्यो निहुँमा राजनीतिक रंग भर्ने वा कुनै व्यक्तिविशेष वा समूहमाथि अप्रत्यक्ष तर निरन्तरको प्रहारको कारण नै प्रायशः हुनेगरेको पाइन्छ ।

नेपाली अर्थतन्त्रमा केही खास क्षेत्र ऊर्जा, पर्यटन, कृषि, वस्तु तथा सेवाको उत्पादन, शैक्षिक क्षेत्रमा लगानी उर्वर छन् तर किन अन्तर्राष्ट्रियस्तरका कम्पनी लगानीमा इच्छुक देखिँदैनन् । विगतमा भएका लगानीका प्रतिबद्धतामा कहिँ न कतै त्रुटि भएको छ । कुनै ठूलो स्तरको लगानीका लागि सुरक्षा पहिलो शर्त हुने गर्दछ । नाफामुखी पचास हजार मेगावाट माथिको ऊर्जा क्षेत्र कोरिडोर वा ग्रिडको विवादले कतै न कतै खुम्चिएको अवस्थामा छ । आजका दिनमा पनि हामी चौबीसै घण्टा बत्ती आफ्नो उत्पादनमा निर्भर छैनौं । यो वा त्यो निहुँमा भारतीय सम्बन्धित विभागले दुःख दिने गरेको छ । हजारौं मेगावाटको जलविद्युत्को लाइसेन्स भएका कम्पनी लगानी जुटाउन सकिरहेका छैनन् । सरकार अन्तर्राष्ट्रिय फोरममा खुलेर नेपाल व्यवसायको निमित्त उर्वर भूमि भन्न हिच्किचाउँदैन तर व्यवहारमा त्यस्तो देखिँदैन । अर्थतन्त्रमा सुधार ल्याउन वा सुस्ताएको आर्थिक गतिविधि सुचारुको निमित्त सरकारले सजिलो वातावरणको निर्माण गर्नु पर्दछ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विगतका निर्णयले चिन्ता बढ्नेछ। स्वास्थ्यलाई लिएर सजग रहनुहोला। | **तुला**: परिवारको सहयोगले बिगरिएको कार्य बन्नेछ। खानपानमा विशेष ध्यान दिनुहोस्। |
| **वृष** :भ्रमणका योजनाहरू बन्नेछन्। दिगो लाभ हुने कार्य प्रारम्भ गर्न सक्नुहुनेछ। | **वृश्चिक** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। शेयर बजारबाट लाभ मिल्नेछ। |
| **मिथुन** : प्रतिस्पर्धामा सफलता हात लाग्नेछ। श्रमको अनुरूप मूल्यांकन लिन गाह्रो रहला। | **धनु**: शत्रुहरू परास्त हुनेछन्। कार्यक्षेत्रमा भावुकतामा आएर निर्णयहरू नलिनुहोला। |
| **कर्कट** : लाभकारी योजनाहरू हात लाग्नेछन्। प्रेम सम्बन्धमा व्यर्थको वादविवाद बढ्नेछ। | **मकर**: व्यवसायमा प्रगति हुनेछ। शुभचिन्तकहरूको साथ र सहयोगमिल्नेछ। |
| **सिंह** :घरपरिवारको सोचेजस्तो सहयोग नमिल्ला। मामलाहरूमा बोल्दा होस् पुर्याउनुहोस्। | **कुम्भ** : कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन् । यापारमा लाभ मिल्नेछ। |
| **कन्या** : नयाँ सोचले विचारको श्रृंखला उत्पन्न हुनेछ। समाजमा मान प्रतिष्ठा बढ्नेछ। | **मीन** : नोकरी वा पेशामा सहकर्मीहरूको साथ मिल्नेछ। व्यापारमा लाभ रहनेछ। |

# बाल बाटिका

कमल रिजाल

## असल मान्छे बन्ने तरिका

प्रसङ्ग झण्डै पौने दुई सय वर्ष अघिको हो । अब्राहम लिङ्कनको नाम भाइबहिनीहरूले पनि सुनेको हुनुपर्छ । उनी अमेरिकाको सोह्रौं राष्ट्रपति हुन् । सन् १८०९ मा गरिव परिवारमा जन्मेका लिङ्कन सन् १८६१ देखि १८६५ सम्म अमेरिकाको राष्टपति भएका थिए । उनले राष्ट्रपति भएपछि रक्षामन्त्रीमा आफ्ना कट्टर बिरोधी व्यक्तिलाई नियुक्त गरेका थिए, जसलाई उनका एक हितैषी मित्रले पचाउन सकेनन् र सम्झाउँदै भने- 'के गर्दै हुनुहुन्छ यो ? यी व्यक्ति कस्ता हुन् भन्ने थाहा छैन ? आफ्नै बिरोधी व्यक्तिलाई टिममा राखेर कसरी काम गर्नुहुन्छ ?' मित्रको कुरा सुनेर लिङ्कनले तत्कालै कुनै प्रतिक्रिया दिएनन् । एक छिन मौन रहेपछि मुस्कुराउँदै भने- 'ठीक भन्नुभयो तपाईंले उनी मेरा बिरोधी हुन् तर उनीभन्दा नजिकको हितैषी अर्को देखिन र उनैलाई रक्षामन्त्री बनाएको हुँ ।' उनका कुरा मित्रले के कति बुझे कुन्नि तर लिङ्कनले भने विरोधमा छिपेको शक्ति राम्रै बुझेका थिए । संसारमा प्राय: बुझाइ के देखिन्छ भने विरोधी भनेका शत्रु हुन्, जो हमेशा उन्नति र प्रगतिमा बाधक बन्छ तर वास्तविकता त्यस्तो छैन । अलिकति गहिरिएर विचार गर्ने हो भने अवस्था त्यसको ठीक उल्टो फेला पर्छ । जसले विरोधी वा विरोधको सामना गर्ने हिम्मत गर्छ उसैले जीवनमा उन्नति र प्रगति गरेको हुन्छ गर्न सकेको हुन्छ । प्रगतिका लागि ठक्कर खान पनि सक्नुपर्छ, टक्कर सहन पनि सक्नुपर्छ । लडिन्छ कि भनेर डराउने हो भने एकै पाइलो पनि सार्न सकिन्न तर जोखिम सामना गर्ने आँट गर्नेहरू सजिलै समुद्रमा कुद्ने र आकाशमा उड्ने काम गरिरहेका हुन्छन् । हामीलाई थाहा छ मूर्ति बन्ने भनेको ढुङ्गाबाट हो तर यसको अर्थ सबै ढुङ्गा मूर्ति बन्छन्, बन्न सक्छन् भन्ने होइन । त्यही ढुङ्गा मूर्ति बन्छ, जसले छिनोको चोट र हम्मरको ठक्कर खाने हिम्मत गरेको हुन्छ । जुन ढुङ्गाले चोट र ठक्कर खाने हिम्मत गऱ्यो ऊ सुन्दर मूर्ति बनेर देवताको पंक्तिमा उभिन पुग्यो जसले गरेन, गर्न सकेन ऊ जहाँको तहीं रह्यो । चाहे सुन, चाँदी, फलाम आदिको कुरा गरौं चाहे ढुङ्गा, माटो, काठ आदिको यदि मूर्ति बन्ने इच्छा गर्ने हो भने चोट र ठक्कर खाने हिम्मत गर्नैपर्छ । मुरलीको अवस्था पनि त्यस्तै हो । मुरली बाँसबाट बन्छ तर सबै बाँसले मुरली बन्ने अवसर भने पाएका हुँदैनन् । यसका लागि उसले सर्वप्रथम काटिने र ताछिने हिम्मत जुटाउनुपर्छ । त्यतिले मात्र पनि पुग्दैन । शरीरका विभिन्न ठाउँमा झिरले पार्ने प्याललाई सहनसमेत परेको हुन्छ । जुन बाँसले यस्ता तमाम कष्ट झेलेको हुन्छ ऊ मात्र मुरली बनेर दुनियाँको हाइहाइ बन्न पुग्छ । होइन जहाँ थियो त्यही रहन्छ । जहाँबाट उठेको थियो त्यहीं बिलाउँ छ । भाइबहिनीहरूले नदी, नाला, खोलाहरू देखेकै होलाऊ । उनीहरू रात दिन नभनी निरन्तर किन बगिरहेका होलान् थाहा छ ? किनकि उनीहरूलाई आफ्नै मूल घर समुद्रसम्म पुग्नु छ । त्यसैले बगेका हुन्, कुदेका हुन् तर चानचुने सैर्षले त्यहाँसम्म पुगन भने सक्दैनन् । यसका लागि सर्वप्रथम रातदिन नभनी निरन्तर हिँडिरहनुपर्छ । दोस्रो कुरा बाटामा अनेक खाले झमेला आइलाग्छन् त्यसलाई समेत झेल्नुपर्ने हुन्छ । दुनियाँले फालेका फोहर मैला बोक्नु पनि परेकै हुन्छ, कतिले नहर वा कुलो बनाएर खेतबारीमा पुऽथभलहयाका हुन्छन् त्यसलाई पचाउन पनि परेकै हुन्छ । जसले यी तमाम सङ्कट सहेर बग्ने आँट गरेका हुन्छन् उनीहरूले मात्र समद्रसम्म पुग्ने अवसर पाएका हुन्छन् । बाँकी बीचैमा सुकेर कता हराउँछन् पत्तै हुँदैन । फलफूल, रुखबिरुवा वा वनस्पतिको अवस्था पनि त्यस्तै हो । उनीहरूको उद्देश्य फलफूल अक्सिजन आदि दिएर हाम्रो सेवा गर्नु हो तर यसका लागि भने उनीहरूले पनि निकै कठिनाइको सामना गर्नुपर्ने हुन्छ, गर्नुपरेको हुन्छ । कतिलाई गाई, भैंसी, बाख्रा आदिले सानैमा लुछिदिन सक्छन् । कतिलाई मानिसकै हातको शिकार बन्नुपरेको हुन सक्छ । कतिले घाँस दाउरा बन्नु पर्ला । यसमाथि काला जाति अनुहार हेरेर मन पराएका होलान् भन्ने कल्पनासम्म गर्न सकिन्न । तैपनि उनी सबैका हाइहाइ हुन पुगे । कारण उनको त्यही ठक्कर र टक्कर झेल्ने हिम्मत नै हो । उनी कसैले बिरोध गर्छ कि भनेर डराउँदैन थिए बरु त्यसैबाट शिक्षा लिएर आफ्ना काम कारवाहीलाई सुधार्थे, जसले गर्दा दुनियाँका अघि यति बढी असल मानिसको परिचय दिन सफल भए कि अहिलेसम्म पनि राम्रो मानिसको उदाहरण दिनुपर्दा उनकै नाम लिने गरिएको छ ।

*-रातोपाटी डटकम*


छोटो कथा

उमेश थापा

## भिडियो कल

अपराह्नको ४ बज्दै थियो म आफ्ना कामहरू सकेर हतार-हतार खाजा घरमा छिरें । एक घण्टा अगाडि बाटै आन्द्राले भोक लागेको सन्देश मस्तिष्कमा पठाउँदा पनि कार्य व्यस्तताले बल्ल फुर्सद पाएको थिएँ । कहिलेकाहीं साथीहरूसँग जाने होटेल थियो जुन गुरुङ प्रोप्राइटर रहेको त्यस होटेलमा सुकुटी खाजा सेट मुख्य खाजा थियो भने अन्य परिकारहरू पनि अर्डर बमोजिम लगभग सबै बन्दथे । हँसिली स्वभावकी साहुनीले खानेकुरा सर्भ गर्दा मुस्कुराउन कहिल्यै बिर्सन्न थी, मानौं उनले यति नगरिदिंदा उसको काम अपुरो नै हुन्छ । मैले उनै हँसिली साहुनीसँग एक हाफ् सुकुटी खाजा अर्डर गरें र मोबाइलको स्क्रीन स्क्रोलिङ गर्दै खाजाको पर्खाइमा बसें । करीब दश मिनेटपछि मेरो खाजा आइपुग्यो । जसै खाजा मेरो टेबलमा आइपुग्यो काउन्टरमा एउटी युवती उभिएकी देखें जसले मलाई खाजा सर्भ गर्न आएकी साहुनीलाई पर्खिएकी थिई, हामी भएतिर छड्के नजर दिएर । मैले तपाईंको कस्टमर आउनुभयो भनेर ओठले इशारा गर्दिएँ साहुनीलाई । मेरो भोको पेटले आफ्नो अगाडि आएको त्यो खाजा दाँतको चपाउने गतिभन्दा छिटो माग्न थालेको थियो । मस्तिष्कको इशारामा मेरो दाहिने हातले त्यसै गर्न थाल्यो । यसै त सुकुटी त्यही माथि आगोको सेकाइ कम परेको रहेछ त्यो दिन । चपाउँदा खेरि दाँत नै दुख्न र पट्टाउन थाल्यो । मैले चपाउनुको साटो एउटा मात्र विकल्प देखें निल्ने । प्लेटमा अरू धेरै सुकुटीहरू बाँकी थिए तर मेरो च्यापु थाकिसकेका थिए । यत्तिकैमा उनै काउन्टरमा उभिएकी युवती दुई खिल्ली चुरोट र सिग्नेचर क्वार्टरको पुरानो खाली सिसीमा बाँधिएको लाइटर लिएर मभन्दा एक टेबल अगाडि आएर बसिन् । वेटर भाइलाई ठीक आफ्नो टाउकाको सिधा माथि रहेको फ्यान अन गर्न इशारा गरिन् । अनि एउटा कोक लिएर आउन अनुरोध गरिन् । अघिसम्म प्लेटमा ध्यान दिइरहेका मेरा आँखाहरूले अब भने ती युवतीलाई पछ्याउन खोजे । यसरी उनलाई हेरेको थिएँ । प्रतिउत्तरमा उनले पनि मलाई त्यसरी नै हेरिन् नि:सङ्कोच तर मलाई आँखा जुधाउन गाह्रो भयो । किनकि पहिलो नजर मेरो थियो कुनै अपरिचितलाई बिना कुनै काम सिधा आँखाले हेर्नु नैतिकताले राम्रो मानिदैन । अझै यो कुरा नेपालमा त कानूनमा पनि व्याख्या गरिएको छ । मैले छिट्टै आफ्नो आँखालाई त्यही चाम्रो सुकुटीको प्लेटमा पुन: केन्द्रित गराएँ । उनलाई त्यति चासो नदिएको जस्तो नेचुरल एक्टिङ गरें । उनी निडर देखिन्थिन् । शायद उनलाई यस्तो कुराको मतलब नहोला । कसले हेऱ्यो, कसले हेर्ला, कसले हेर्छ । उनले यसलाई सामान्य लिए जस्तो गरी । म चाम्रो सुकुटी चपाउँदै मोबाइलको स्क्रीन स्क्रोलिङ गर्दै थिएँ । एक्कासि उनी उठेर म भएतिर आइरहेको देखें । म नर्भस भएँ र उनीतिर केन्द्रित भएँ, "एक्सक्युज् मी, तपाईंकोमा यहाँको वाइफाइ कनेक्ट छ होला मलाई स्क्यान गर्न दिनू न !" "पख्नु है," भन्दै उनलाई वाइफाइ क्यु आर् स्क्यान गर्न दिएँ ! शायद म हडबडाएको थिएँ । कालो जिन्स, कालो टिसर्ट माथि कालै ज्याकेट लगाएकी उनको कानमा ठूलाठूला इयररिङ थिए । खाइलाग्दो देखिने जीउडाल, वास्तवमा औषत युवती भन्दा मोटी नै लाग्ने उनको शरीर अनि चब्बि अनुहार देखेर मलाई एक किसिमको तरङ्गको महसूस भयो । "खै लिनै मान्दैन त स्क्यान के भएको होला है छ्या," उनले आँखिभौं खुम्च्याउँदै निराशाको भाषा बोली । मैले उनको फोन मागेर क्यामेरामा रहेको दाग न्याप्किनले पुछेर स्क्यान गरिदिएँ । यही मौकामा मैले उनको फोनमा चलिरहेको रनिङ एप्समा फेसबूक देखें । एक क्लिकमा उनको प्रोफाइल पनि हेरें शायद यो काम मैले मिलिसेकेन्डमा गर्न भ्याएको थिएँ । उनको फेसबूक नाम र प्रोफाइल पिक्चरको एक झल्को पाउने बित्तिकै मैले उनलाई वाइफाइ कनेक्ट भयो भनेर फोन थम्याएँ । उनले "थ्याङ्क्यु" भनेर त्यही अघिकै टेबलमा बसेर चुरोट सल्काई । म वास्ता नगरे झैं गरी खाजा खाइरहें । कोकको घुट्किसँग उनले एकैछिनमा एक खिल्ली चुरोट सक्काई । एक्स्ट्रेमा फिल्टर थन्काएको देखें । तर पनि नदेखे झैं गरें । त्यति गर्दागर्दै पनि आँखा भने जुधिहाल्यो । उनी हल्का मुस्कुराए झैं गरी । फेसबूक खोलेर उनको नाम सर्च गरें उही नामका धेरै एकाउन्टहरू भेटिंदै गर्दा मैले उनको प्रोफाइल हेरेर एकाउन्ट पहिल्याएँ । अब साथी बनिसकेपछि त देखिन्छन् भन्ने हेतुले एल्बम क्लिक गरेको थिएँ तर त्यहाँ अन्य कुनै पनि फोटाहरू थिएनन् मात्र उनको सिङ्गल प्रोफाइल फोटो थियो त्यो पनि अनुहार छोपिएको मिरर सेल्फी । मैले खासै मतलब गरिनँ फोटो हाल्ने नहाल्ने नित्तान्त व्यक्तिगत कुरा हो, उनको एकाउन्ट उनको मर्जी । त्यही साँझ फेसबूकमा उनको एउटा स्टोरी अपडेट भएको देखें । कस्तो फोटो हालिछिन् भनेर क्लिक गरें स्टोरी खुल्यो जसमा कुनै फोटा थिएनन् तर टेक्स्ट वाला पोस्ट थियो, जसमा रङ्गिन ब्याकग्राउन्डमा लेखिएको थियो- इट्स भि.सी. टाइम, भि.सी : १ हजार रुपियाँ । डेमो : ५ सय रुपियाँ । भिडियो : २ सय रुपियाँ । फोटो : १ सय रुपियाँ ।

*-साहित्यपोस्ट डटकम*









**नाम: प्रान्सिका भट्टराई**
**उमेर : ७ वर्ष**
**कक्षा : २**
**स्कुल : सेन्ट कपितानियो स्कुल**



**नाम: प्रविज्ञ भट्टराई**
**उमेर : ११ वर्ष**
**कक्षा : ५**
**स्कुल : सेन्ट कपितानियो स्कुल**

# ‘प्राविधिक सीप सहितको नारी शिक्षा र मोहन कन्या’ विषयक विचार गोष्ठी



**पाल्पा,** जेठ २८/‘गुणस्तर तथा प्राविधिक सीप सहितको नारी शिक्षा र मोहन कन्या मावि’ विषयक विचार गोष्ठी तानसेनमा भएको छ । मोहन कन्या माविले आफ्नो हिरक महोत्सवको अवसरमा एक दिने विचार गोष्ठी आयोजना गरेको हो ।

तानसेन नगरपालिकाको सभाहलमा भएको कार्यक्रममा छुट्टाछुट्टै तीन वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । जहाँ पूर्व विद्यार्थी सिर्जना कालेले महिला सशक्तीकरण शिक्षा र सामाजिक रुपान्तरण, शिक्षक गोपाल प्रसाद बस्यालले गुणस्तर र डिजिटल सीप सहितको नारी शिक्षाको मुल्य र मोहन कन्या माविको योगदान र इन्जिनियर तिलकराम भण्डारीले नारी सशक्तीकरणको आधार कम्प्युटर इन्जिनियरिङ र मोहन कन्या माध्यमिक विद्यालय विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि तानसेन नगरपालिका प्रमुख सन्तोषलाल श्रेष्ठले महिला सशसक्तिकरणका लागि स्वयम् महिला आफै अग्रसर हुनु पर्ने बताउँदै मोहन कन्या पश्चिम क्षेत्रकै ऐतिहासिक विद्यालय भएको बताए । उनले विद्यालयको समग्र विकासका लागि विगतदेखि नै विभिन्न सहयोगहरु उपलब्ध गराउदै आएको र आगामी दिनमा पनि सहयोग गर्दै जाने प्रतिवद्धता व्यक्त गरे । प्रस्तुत कार्यपत्र माथि आ-आफ्ना धारणा राख्दै नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ ,नेकपा एमालेका उपसचिव मिना जिसी, राप्रपाका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष बिशाल दर्लामी, पूर्व प्रध्यापक देबप्रसाद बज्राचार्य, केश लक्ष्मी श्रेष्ठ ,पूर्व सहायक प्रअ द्ववारिका शर्मा, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई लगायतले राणकालिन समयमा स्थापित यो विद्यालयलाई थप परिस्कृत बनाएर लैजान, शिक्षाको गुणस्तर बढाउन विद्यालय ब्यवस्थापन समिति, शिक्षक, अभिभावक, समुदाय र सरोकारवालाहरु लाग्नुपर्नेमा जोड दिए । गोष्ठीमा मोहन कन्याको गौरवमय इतिहास कायम राख्न बहस हुन जरुरी रहेको, छात्रावासमा सुधार, प्राविधिक शिक्षामा जोड दिनुको साथै पढ्दै सिकाउदै र कमाउदै गर्ने जस्ता सीप मुलुक शिक्षाको विकास गर्नु आजको आवशकता रहेको , लैङ्गिक विभेद, जातीय छुवाछूत जरैदेखि फाल्न र युवाहरुको विदेश पलायन रोक्न राज्यले समग्र शिक्षा प्रणालीमै सुधार गरि अघि बढनु पर्ने निष्कर्ष निकालिएको छ । कार्यक्रम विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठको अध्यक्षता, प्र.अ. दीपक ज्ञावलीको स्वागत, सहायक प्र.अ. रिना श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## तालिमले जुत्ताचप्पल...

...उनले पूर्वमेचीदेखि पश्चिममहाकालीसम्मका महिलालाई जुत्ताचप्पल तालिम दिएर धेरैलाई व्यवसाय चलाउन सक्ने सक्षम बनाएकी छन् । उनले अहिलेसम्म एक हजारभन्दा बढी महिलालाई यो तालिम दिइसकेकी छन् । गुरुङ अहिले जुत्ताचप्पल बनाउने तालिम लिएर सुरु गरेको व्यवसायले प्रतिमहिना तीन लाख मुनाफा आर्जन गर्न सफल छन् । अहिलेसम्म उनले दिएको तालिमबाट २०/२५ जनाले आफ्नै व्यवसाय दर्ता गरेर धेरै महिलालाई रोजगारी दिँदै राम्रै आम्दानी गरिरहेकी छन् । त्यसमध्ये काभ्रेपलाञ्चोककी महिला रञ्जु उप्रेती छन् । उप्रेती भन्छिन्, “मैलै विसं २०८१ साउनमा बुटवलमा लिएको जुत्ताचप्पल बनाउने तालिमले अहिले आफ्नै व्यवसाय दर्ता गरी दुई जनालाई रोजगारी दिई मनग्य आम्दानी गर्न सफल भएकी छु ।” त्यसैगरी ओसिनकै अर्की प्रशिक्षार्थी महिला खउकुमारी गुरुङले पनि आफूले हातले जुत्ताचप्पल बनाएर अनलाइनमार्फत बेचेर आम्दानी गर्नाका साथै विभिन्न ठाउँमा तालिम दिँदै महिला उद्यमी उत्पादन गर्दै आएकी छन् । तालिम लिएका धेरै महिलाले यो व्यवसायबाट आम्दानी गरेका उदाहरण यस क्षेत्रमा देख्न सकिन्छ । त्यसैगरी, बुटवल वडा नम्बर ३ ज्योतिनगरमा रहेका १२ वटा टोलबाट २८ महिलालाई जुत्ताचप्पलसम्बन्धी साताव्यापी तालिम दिइएको थियो । त्यसबाट सफल उद्यमी बनेकी अर्की महिला सविता थापा पनि छन् । थापा आफ्नै व्यवसाय सञ्चालन गरेर मुनाफा आर्जन गर्नुका साथै विभिन्न स्थानमा तालिम दिएर महिलालाई सक्षम उद्यमी बनाउन सफल भएकी छन् । यस्तै, अर्की प्रशिक्षक सुनिता गुरुङले विसं २०७९ मा तालिम लिएर अहिले आफ्नै व्यवसाय दर्ता गरी सफल उद्यमी र महिलालाई जुत्ताचप्पल बनाउने तालिम प्रदान गरिरहेकी छन् । विसं २०८२ मा बुटवल-१३ कार्यालयले दिएको हातले जुत्ता चप्पल बनाउने १० दिने तालिममा १३ जना सहभागी भएकामध्ये तारा रानाले अहिले साना उद्योग सञ्चालन गरिरहेकी छन् । रानासहित तालिम लिएका चार जनाले संयुक्त रुपमा सोही वडा नं १३ मै साना जुत्ताचप्पल उद्योग सञ्चालन गरिरहेका छन् । राना भन्छिन्, “हामीहरूलाई पहिला दिन काट्न समस्या हुन्थ्यो भने अहिले तालिमबाट स्वरोजगार हुनाका साथै घरव्यवहार सञ्चालन गर्न केही रकम बचत गर्नसमेत सफल भएकामा खुसी लागेको छ ।” बुटवल-८ की वडा सदस्य सीता खनालले गत वर्षको चैत २६ देखि वैशाख ३ गतेसम्म वडामा दिएको तालिमले हिजो घरभित्र बस्ने महिला आज बाहिर आएर सबल तथा सक्षम जुत्ता चप्पल उद्यमी भएर आफ्नो खर्च चलाउन सक्ने भएकोमा हर्ष व्यक्त गरिन् । उपमहानगरपालिका महिला तथा बालबालिका शाखाका शाखा अधिकृत तारा भुसालले आर्थिक वर्ष २०८१/८२ मा उपप्रमुख महिला उद्यम विकास कार्यक्रमअन्तर्गत वडा नं १७, १८ र १९ मा हातले जुत्ताचप्पल बनाउने तालिम ९० जनालाई दिइएको बताईन् । नगरले महिला उद्यम विकास कार्यक्रमअन्तर्गत आत्मनिर्भर महिला उद्यम विकास कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यसमध्ये मन्टेश्वरी विधिमा आधारित बालबालिका सहजकर्ता एकमहिने तालिम २५ जनालाई, आधारभूत ब्युटी पार्लर तालिम ४५ दिने ३५ जनालाई, ज्येष्ठ नागरिक केयर गिभर तालिम २५ जनालाई, एडभान्स फेसन डिजाइन तालिम २५ जनालाई, एडभान्स आधारभूत सिलाइकटाइ एकमहिने तालिमलगायत सञ्चालन भइरहेका छन् । शाखा अधिकृत भुसालले उपमहानगरपालिकाले महिलाहरूलाई दिएका यस्ता तालिमले उनीहरुलाई आत्मनिर्भर बनाउने र आर्थिक सशक्तिकरणमा सहयोग पुर्‍याउनाका साथै आर्थिक रूपमा सक्षम बनाएको बताइन् । उपमहानगरपालिकाको लघु उद्यम विकास शाखाका सहजकर्ता मिठु माया दर्लामीले उपमहानगरपालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकासका कार्यक्रम धेरै किसिमको गरिरहेको छ । पहिला महिलाहरू यत्तिकै घरमा बस्थे भने तालिम लिएपछि अहिले फुर्सदको समयको सदुपयोग गरी स्वरोजगार भई आयआर्जन गर्न सक्ने भएका छन् । प्रमुख पाण्डेयले भने, “बेराजगार तथा गृहिणी महिलाहरुलाई सीप र अर्थतन्त्रसँग जोड्न सके मात्र समुन्नत शहर बनाउन सकिन्छ ।” उपप्रमुख सावित्रादेवी अर्यालले उपमहानगरपालिकाले विशेषगरी महिलालाई धेरै किसिमको व्यावसायिक सीप तथा तालिम प्रदान गर्दै आइरहेको बताईन् । उनले कतिपय महिलाले उत्पादन मात्र होइन, मार्केटिङ र ब्रान्डिङमा पनि दक्षता हासिल गरेको सुनाईन् । सीप, सहकार्य र सशक्तीकरणको सहयोगले महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनुका साथै समाजमा सम्मानित स्थान हासिल गर्न सफल गराएको छ । महिलाहरुलाई सीप प्रदानबाट उनीहरुको जीवनस्तर उकास्न र समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलिरहेको उपप्रमुख अर्यालको भनाइ छ । - *रासस*

### खेलकुद समाचार

## नेपालको तेस्रो जीत




**काठमाडौं,** जेठ २८/आईसीसी क्रिकेट विश्वकप लिग-२ मा नेपालले नेदरल्यान्ड्सलाई हराएको छ । स्कटल्यान्डको फोर्थहिल क्रिकेट मैदानमा सकिएको खेलमा नेपालले नेदरल्यान्ड्सलाई १६ रनले हरायोको हो ।

नेपालले दिएको २ सय ३७ रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्स ४९ ओभर २ बलमा २ सय २० रन बनाउँदा अलआउट भयो । नेदरल्यान्ड्सका वेस्ले बरेसीले सबैभन्दा धेरै ३६ रन बनाए । नेपालका नन्दन यादव र सन्दीप लामिछानेले ३/३ विकेट लिए । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले ५० ओभरमा ९ विकेट गुमाएर २ सय ३६ रन बनायो । नेपालका आरिफ शेखले ८४ रन बनाए । नेदरल्यान्ड्सका पउल भान मीकेरेनले ४ विकेट लिए । योसँगै नेपालले लिग-२ अन्तर्गत त्रिदेशीय एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शङ्खलाको आफ्नो चौथौ चरणमा ४ मध्ये ३ खेल जितेको छ । नेपालले पहिलो खेलमा स्कटल्यान्डलाई १ विकेटले हराएको थियो । यस्तै दोस्रो खेलमा नेपालले नेदरल्यान्ड्सलाई ५ विकेटले हराएको थियो । तेस्रो खेलमा भने नेपाल स्कटल्यान्डसँग २ रनले पराजित भएको थियो । नेपालले लिग-२ को तालिकामा १६ खेलमा १२ अङ्क जोड्दै सातौं स्थानमा छ । यस्तै नेदरल्यान्ड्स दोस्रो र स्कटल्यान्ड तेस्रो स्थानमा छ । लिग-२ को शीर्ष स्थानमा अमेरिका छ ।

### अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** जेठ २८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १३ दशमलव ६९ अङ्कले घटेर दुई हजार ६६४ दशमलव ४७ को विन्दुमा कायम भएको हो ।

तीन सय सात कम्पनीको दुई करोड २० लाख ७५ हजार ७६९ कित्ता शेयर ८१ हजार ७०३ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ९० करोड ७० लाख पाँच हजार ५७५ दशमलव शून्य आठको कारोबार भएको छ । जलविद्युत् समूह एक दशमलव १३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेका छन् । कारोबारमा बुटवल पावर कम्पनी लिमिटेड, प्युअर इनर्जी लिमिटेड र सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी पाँच दशमलव ८९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा राधी विद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी रु ६१ करोड ५७ लाख १७ हजार १४४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्याका आधारमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटरको सबैभन्दा बढी १० लाख ८९ हजार ५४८ कित्ता शेयर खरिदबिक्री भएको छ ।

## आजदेखि सुनचाँदी...

...संघका वरिष्ठ उपाध्यक्ष दिलिप कुमार समरखातीले सुनमा लगाइएको २ प्रतिशत कर र बहुमुल्य हिरा पत्थरमा १३ प्रतिशत भ्याट खारेज गर, सुनको भन्सार ६ प्रतिशत कायम गर, सुनचाँदीको कारोबारका लागि प्रष्ट नीति नियमावली निर्माण गर, उभोक्तालाई करको भारी नलगाऊ जस्ता मागहरु राखेर विहीबार र शुक्रबार पसलहरु बन्द गरेर सरकारलाई दवाव दिने कार्यक्रमहरु तय गरिएको बताए । सरकारले संघका मागहरुप्रति वेवास्ता गरे अनिश्चित आन्दोलनका कार्यक्रम घोषणा गरेर जाने समेत उनले प्रतिद्धता जनाए । संघले प्रमुख जिल्ला अधिकारीमार्फत सरकारको ध्यानाकर्षण गराउने र शितपाटीमा हस्ताक्षर संकलन गर्ने कामर्यक्रम समेत तय गरेको छ । सरकारले गहनामा ल्याएको कर नीतिले उपभोक्ताहरुलाई आर्थिक भार थपिनुका साथै उद्योगी, व्यवसायी, कालिगढहरु समेत विस्थापित हुने अवस्था सिर्जना भएकाले आन्दोलनमा उत्रिनु परेको संघका महासचिव प्रविनराज शाक्यले बताए । उनले भने “केही समय यता सुन महँगीएर पसलहरु बन्द गर्नुपर्ने र दक्ष कालीगढहरु विदेश पलायन हुने अवस्था सिर्जना भएको बेला सरकारले थप विलासिताको कर लगाएर समस्यामा पारेको छ ।” अहिलेको अवस्थामा सरकारले गहनामा कर लगाएर स्वदेशी व्यवसायीहरुलाई पलायन गराई सिमापारका व्यवसायीहरुलाई प्रोत्साहन गर्न खोजेको महासचिव शाक्को आरोप छ । उनले नगदसरह सम्पत्तिको मान्यता भएको वस्तुलाई बिलाशिताका रूपमा व्याख्या गरिनु सरकारको कमजोरी रहेको समेत बताए । सरकारले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमार्फत् सुन-चाँदीका वस्तुमा २ प्रतिशत विलासिता कर लगाउने र हिरा जवाहरत लगायतका बहुमुल्य वस्तुमा १३ प्रतिशत भ्याट लगाउने घोषणा गरेपछि पाल्पासहित देशैभरका सुनचाँदी व्यवसायीहरु आन्दोलिन बनेका छन् ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई